सरुमारानी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बङ्गाँडा,प्यूठान

लुम्बिनी प्रदेश, नेपाल

प.सः २०८२।०८३

च.न. ९६३

मितिः २०८२।०५।०४

श्री वडा कार्यालयहरु सबै ।

श्री विषयगत शाखाहरु ।

सरुमारनी गाउँपालिका, प्यूठान ।

**विषयः निर्णय प्रतिलिपि पठाईएको सम्बन्धमा ।**

प्रस्तुत विषयमा सरुमारानी गाउँकार्यपालिकाको मिति २०८२।४।२६ गतेको बैठकका निर्णयहरु आवश्यक जानकारी तथा कार्यान्वयनका लागि यसै पत्रसाथ संलग्न राखी पठाईएको ब्यहोरा अनुरोध छ ।

२०८२।५।४

(त्रिविक्रम खड्का)

प्रमुख प्रशासकीय अधिकृत

त्रिविक्रम खड्का

प्रमुख प्रशासकीय अधिकृत

त्रिविक्रम खड्का
प्रमुख प्रशासकीय अधिकृत

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बड्डाँडा प्युठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

झग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

## मिति २०८२।०४।२६ गते

## गाउँकार्यपालिकाको चौसठ्ठीऔं बैठकका प्रस्तावहरु:

१. बार्षिक समिक्षा तथा सार्वजनिक सुनुवाई सम्बन्धमा ।
२. उपभोक्ता समितिहरु गठन र तालिम सम्बन्धमा ।
३. गाउँपालिका दररेट स्वीकृत सम्बन्धमा ।
४. ढुङ्गा गिट्टि वालुवाको उत्खनन र निकासीको लागि IEE गर्ने सम्बन्धमा ।
५. स्थायी कर्मचारी पदपुर्तीको लागि लोकसेवा आयोगमा माग गर्ने सम्बन्धमा ।
६. कार्यसम्पादन संझौता सम्बन्धमा।
७. प्रदेश समपुरक योजनाको ठेक्का सम्बन्धमा ।
८. सडक मर्मत संभार सम्बन्धमा ।
९. अटोरिक्सा दर्ता सम्बन्धमा ।
१०. कृषि तथा पशु उद्यमशिलता परियोजना सम्बन्धमा ।
११. स्वीपर ब्यबस्थापन सम्बन्धमा ।
१२. विविध सम्बन्धम ।
- विपद सम्बन्धि नमूना अभ्यासको जानकारी सम्बन्धमा ।
- घरभाडा बृद्धि सम्बन्धमा ।
- सामी परियोजना-कर्मचारी विज्ञापन सम्बन्धमा ।
- वडा नं.३ को वडा कार्यालय रंगरोगन सम्बन्धमा।
- श्रमिकहरुको ज्यालादर बृद्धि सम्बन्धी जानकारी।

त्रिविक्रम खड्का
प्रमुख प्रशासकीय अधिकृत

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बड्डाँडा प्युठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

झग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

बिविकम ...
प्रमुख प्रशासकीय अधिकृत

झग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

## बैठक संख्या-६४

## मितिः २०८२।०४।२६ गते

## गाउँकार्यपालिकाको चौसठ्ठीऔं बैठकका निर्णयहरु

**निर्णय नं. १ बार्षिक समिक्षा तथा सार्वजनिक सुनुवाई सम्बन्धमा ।**

प्रस्ताव न. ४ माथि छलफल गर्दा यस गाउँपालिकाको आ.ब. २०८१।०८२ तेश्रो सार्वजनिक सुनुवाई तथा बार्षिक समिक्षा कार्यक्रमहरु निम्नानुसार गर्ने निर्णय गरियो ।

तपिशल

क) गाउँपालिका स्तरीय बार्षिक समिक्षा तथा तेश्रो सार्वजनिक सुनुवाई-२०८२ भाद्र ६ गते ।

ख) वडा स्तरीय बार्षिक समिक्षा कार्यक्रम– २०८२ भाद्र ५ गते भित्र ।

**निर्णय नं. २ उपभोक्ता समितिहरु गठन र तालिम सम्बन्धमा ।**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा चालू आ.ब. २०८२।०८३ को बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत पूर्वाधारजन्य योजनाहरुको कार्यान्वयनको लागि २०८२ भाद्र मसान्त भित्र उपभोक्ता समिति गठन गर्ने र २०८२ को बडादशै पछि अभिमूखीकरण कार्यक्रम संचालन गर्ने निर्णय गरियो।

**निर्णय नं. ३ गाउँपालिका दररेट स्वीकृत सम्बन्धमा ।**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा-१३ अनुसार यस सरुमारानी गाउँपालिकाको चालु आ.ब. २०८२/०८३ को लागि निर्माण कार्य तथा अन्यसेवा प्रयोजनका लागि यस गाउँपालिका अन्तर्गत गठित गाउँपालिका स्तरीय दररेट समितिको मिति २०८२।४।११ को बैठकको सिफारिस अनुसार गाउँपालिका स्तरीय दररेटलाई स्विकृति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं ४ ढुङ्गा गिट्टि वालुवाको उत्खनन र निकासीको लागि IEE गर्ने सम्बन्धमा ।**

प्रस्ताव न. ४ माथि छलफल गर्दा यस गाउँपालिका अन्तरगत रासी नदिका रानीबगर, दर्भान, सुनघाट, झिलिवाङ्ग धाद्र र तितिरबाझ घाटबाट ढुंगा, गिट्टी र वालुवा निकासीको लागि ती क्षेत्रको प्रारम्भिक बातावरणीय परीक्षण (IEE) लाई परिमार्जन/अध्यावधिक गर्ने र यस गाउँपालिका अन्तरगत माडी खोलाक्षेत्रका कुडुले, पनाहा, नौघाट र दोमही घाटबाट ढुंगा गिट्टी र वालुवा निकासी र गनाहा खोलाक्षेत्रबाट ढुंगा गिट्टी र वालुवा निकासीको लागि नयाँ IEE गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ स्थायी दरबन्दी पदपूर्तिका लागि लोकसेवा आयोगमा माग सम्बन्धमा।**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा प्रदेश लोकसेवा आयोग लुम्बिनी प्रदेश बुटवलको च.न. १८ मिति २०८२।४।६ बमोजिम यस गाउँपालिकाको लागि नेपाल सरकारबाट स्वीकृत स्थायी

प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय र लुम्विनी प्रदेश, लोकसेवा आयोगमा माग गर्ने निर्णय गरियो ।

तपशिल

| क्र. स. | पद | तह | सेवा समूह/उपसमूह | माग संख्या | दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सहायक | सहायक पाचौ तह | प्रशासन/सा.प्र. | २ | बढुवा दरबन्दी कायम भएको-संघीय लोकसेवाबाट | १-पद च.न.१०६८, मिति २०८१।१०।६ गतेको पत्रबाट माग गरिएको |
| २ | सहायक | सहायक चौथो | प्रशासन/सा.प्र. | १ | बढुवा दरबन्दी कायम भएको-संघीय लोकसेवाबाट | च.न.१०६८, मिति २०८१।१०।६ गतेको पत्रबाट माग गरिएको |
| ३ | सब-ईन्जिनियर | सहायक पाचौ तह | ईन्जिनियरिङ्ग/सिभिल | २ | बढुवा दरबन्दी कायम भएको-संघीय लोकसेवाबाट | च.न.१०६८, मिति २०८१।१०।६ गतेको पत्रबाट माग गरिएको |
| ४ | अ. सब-ईन्जिनियर | सहायक चौथो तह | ईन्जिनियरिङ्ग/सिभिल | १ | बढुवा दरबन्दी कायम भएको-संघीय लोकसेवाबाट | |
| ५ | प्राविधिक सहायक | सहायक पाचौ तह | कृषि | २ | खुला | १-पद च.न.१०६८, मिति २०८१।१०।६ गतेको पत्रबाट माग गरिएको |
| ६ | ना.पशु सेवा प्राविधिक | सहायक चौथो तह | कृषि/भेट | १ | खुला | |
| ७ | पशुचिकित्सक | अधिकृत सातौ | कृषि/भेट | १ | खुला | च.न.१०६८, मिति २०८१।१०।६ गतेको पत्रबाट माग गरिएको |
| ८ | आ.ले.प. | सहायक पाचौ | प्रशासन/आलेप | १ | बढुवा कायम -प्रदेश लोकसेवा आयोग | १-पद च.न.१०६८, मिति २०८१।१०।६ गतेको पत्रबाट माग गरिएको |
| ९ | कृषि अधिकृत | अधिकृत सातौ | कृषि सेवा | १ | खुला | |

त्रिविक्रम खड्का
प्रमुख प्रशासकीय अधिकृत

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बड्डाडा प्यूठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

झग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

**निर्णय नं. ६ कार्यसम्पादन संझौता सम्बन्धमा।**

प्रस्ताव न. ६ माथि छलफल गर्दा आ.ब. २०८२।०८३ को लागि सरुमारानी गाउँपालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वीच, प्रमुख प्रशासकीय अधिकृत र विषयगत शाखा प्रमुखहरु वीच तथा वडा अध्यक्ष र वडा सचिवहरु वीच मिति २०८२।४।१ गतेदेखी लागु हुने गरी कार्यसम्पादन संझौता गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ प्रदेश समपुरक योजनाको ठेक्का सम्बन्धमा ।**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा लुम्बिनी प्रदेश सरकारबाट चालू आ.ब.का लागि स्वीकृत समपुरक योजनाहरुको लागि बहुबर्षिय ठेक्का प्रकृयाको लागि बजेट सुनिश्चित हुन नसकेकोले उक्त दुबै योजनाहरुको बार्षिक (सालवसाली) ठेक्का प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. ८ सडक मर्मत संभार सम्बन्धमा ।**

प्रस्ताव न. ८ माथि छलफल गर्दा यस बर्षको बर्षात संगै सडकहरु अवरुद्द भई सडक आगमन खुलाउन मर्मत संभार शिर्षकबाट निम्नानुसार बजेट विनियोजन गर्ने निर्णय गरियो ।
तपशिल

क) विभिन्न सडकहरुको मर्मत संभार वडा नं. १ रु. १५०००/-
ख) विभिन्न सडकहरुको मर्मत संभार वडा नं. २ रु. १५०००/-
ग) विभिन्न सडकहरुको मर्मत संभार वडा नं. ३ रु. २५०००/-
घ) विभिन्न सडकहरुको मर्मत संभार वडा नं. ४ रु. २५०००/-
ङ) विभिन्न सडकहरुको मर्मत संभार वडा नं. ५ रु. ५००००/-
च) विभिन्न सडकहरुको मर्मत संभार वडा नं. ६ रु. ५००००/-
छ) बड्डाडा -बंगारी जाने मो.बा. मर्मत रु. ७५००/-
ज) स्वर्गद्धारी गनाहा जाने मो.बा. मर्मत रु.१५०००/-
झ) बड्डाडा-जसपुर र बड्डाडा-बेशीगाउँ जाने मो.बा. मर्मत रु. ६००००/-

**निर्णय नं. ९ अटोरिक्सा दर्ता सम्बन्धमा ।**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा सरुमारानी गाउँपालिका क्षेत्र भित्र सञ्चालन हुँदै आएका टेम्पो तथा अटोरिक्सालाई व्यवस्थित गर्न आवश्यक देखिएकाले सोको व्यवस्थापन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा (४) (ट) १ ले दिएको अधिकारक्षेत्र भित्र रही यस गाउँकार्यपालिकाले स्वीकृत गरेको **"टेम्पो तथा अटोरिक्सा व्यवस्थापन निर्देशिका २०७७"** बमोजिम टेम्पो तथा अटोरिक्सा दर्ताको लागि १५ दिने सूचना प्रकाशन गर्ने निर्णय गरियो।

**निर्णय नं. १० कषि तथा पशु उद्यमशिलता विकास परियोजना सम्बन्धमा ।**

प्रस्ताव नं. १० माथि छलफल गर्दा यस गाउँपालिका र हेफर प्रोजेक्ट नेपाल वीच कृषि तथा

७५,००,०००/- को सिमा भित्र रही परियोजना अनुगमन तथा समन्वय समितिको मिति २०८२।४।२६ गतेको निर्णय अनुसार संस्थाले पेश गरेको बार्षिक कार्यक्रमलाई स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११ स्वीपर व्यबस्थापन सम्बन्धमा ।**

प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस गाउँपालिकाको वडा नं. ४ बड्डाडा र वडा नं. २ दर्भार बजारको सरसफाईलाई ब्यबस्थित गर्न एक/एक जना स्वीपर आवश्यक परेकोले वडा कार्यालयको समन्वय र सिफारिसमा परिचालन गर्ने गरी २०८२ श्रावण १ गते देखि नै चालु आ.ब.को बार्षिक स्वीकृतको बजेट सिमा भित्र रही स्वीपर परिचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३ बिविध सम्बन्धम ।**

- **विपद् सम्बन्धि नमूना अभ्यासको जानकारी सम्बन्धमा ।**
  यस गाउँपालिकामा संचालित प्रतिबद्ध-३/CSRC परियोजनाको प्राविधिक तथा आर्थिक सहयोग र यस षाउँपालिकाको समन्वयमा वडा नं. ५ को पाखापानी बस्तीक्षेत्र र वडा नं. २ को गनाहा/चुकाह बस्तीक्षेत्रमा मिति २०८२।५।२५-२८ गते सम्म विपद सम्बन्धि नमूना अभ्यास गर्ने जानकारी भयो ।
- **घरभाडा बृद्धि सम्बन्धमा ।**
  यस गाउँपालिका अन्तरगत वडा नं ६ को वडा कार्यालय संचालन तथा जिन्सी सामान भण्डारणको लागि घरभाडा लिएका घरहरुको नियमानुसार १० प्रतिशत घरभाडा बृद्धि गरी २०८२।४।१ गते देखि नै घरभाडा संझौता गर्ने निर्णय गरियो ।
- **सामी परियोजना-कर्मचारी विज्ञापन सम्बन्धमा ।**
  यस गाउँपालिकामा चालु आ.ब. २०८२।०८३ देखी संचालन हुने सुरक्षित आप्रवासन (सामी) परियोजनाको लागि आवश्यक पर्ने मनोसामाजिक परामर्शकर्ता -१ (सहायक स्तर, पाचौ तह) र रिटर्नी स्वयंसेवक १ जना करार सेवामा पदपुर्तीको लागि विज्ञापन गर्ने निर्णय गरियो ।
- **वडानं.३ को वडा कार्यालय रंगरोगन सम्बन्धमा।**
  यस गाउँपालिका अन्तरगत वडा नं ३ को वडा कार्यालय रंगरोगन गर्नु पर्ने भएकोले कार्यालयले आवश्यक पर्ने रंगरोगन खरिद गरी उपलब्ध गराउने र वडा कार्यालयले श्रमिकहरु लगाई वडा कार्यालय रंगरोगन गर्ने निर्णय गरियो ।

त्रिविक्रम खड्का
प्रमुख प्रशासकीय अधिकृत

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बडडाँडा प्युठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

झग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

- **श्रमिकहरुको ज्यालादर बृद्धि सम्बन्धी जानकारी।**
  श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको मिति २०८२।०४।०५ गतेको राजपत्र सूचना अनुसार मिति २०८२ श्रावण १ गते देखि लागु हुने श्रमिकहरुको न्यूनतम पारिश्रमिक निर्धारण सम्बन्धी जानकारी भयो ।

उपरोक्त निर्णयहरु सर्वसम्मत रुपमा गरी आजको बैठक सौहार्दपूर्ण वातावरणमा समापन गरियो।

प्रमाणिकरण मिति २०८२/०४/२७

त्रिविक्रम खड्का
प्रमुख प्रशासकीय अधिकृत
२०८२/४/२८

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बडडाँडा प्युठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

झग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष